स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री सुरक्षा पन्तको डेब्यु नाटक 'क्लेश' भारतको रंग महोत्सवमा छनोट भएको छ । भारतको नेसनल स्कुल अफ ड्रामाद्वारा आयोजित उक्त नाट्य महोत्सवमा नाटक छानिएको सुरक्षाले फेसबुकमार्फत जनाएकी छन् । यसअघि कोभिडको कारण रंग महोत्सव भौतिक रुपमा हुन सकेको थिएन । यो फेस्टिभलमा सहभागी हुन निर्देशक विजया कार्की जनवरी २३ मा दिल्ली प्रस्थान गर्ने पनि उनले उल्लेख गरेकी छन् । त्यसअघि सम्भवतः नेपालमा नाटक मञ्चन हुनसक्ने सुरक्षाको भनाइ छ ।

**आजको विचार...**



मेघनाथ दाहाल

**लगानीमैत्री..**

*(दुई पेजमा)*



अभिनेता माओत्से गुरुङ निर्देशित फिल्म 'दयारानी'को गीत 'चोरी चोरी' रिलिज भएको छ । अंग्रेजी नयाँ वर्षको अवसरमा सार्वजनिक गीतमा दयाहाङ राई र दीया पुन फिचर्ड छन् । मनोज थापाको संगीत तथा हर्क साउदको शब्द रहेको गीतमा संगीतकार समेत रहेका थापा र सदिक्षा कट्टेलको स्वर सुन्न सकिन्छ । माघ २६ गतेदेखि यो फिल्म नेपालसहित विदेशमा समेत प्रदर्शन हुँदैछ । बाँसुरी फिल्मस् र माओत्से फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्मलाई शैलेन्द्रध्वज कार्कीले खिचेका हुन् ।

❐ वर्ष २९ ❐ अंक १५६ ❐ २०८० पुस १८ गते बुधबार 3 January 2024, Wednesday ❐ पृष्ठ संख्या ८ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### इजरायल गाजा "नरसंहारको आरोपमा अदालतमा उपस्थित हुने

**(रासस/सिन्ह्वा)**

**जेरुसेलम,** पुस १७/इजरायलले गाजामा नरसंहार गरेको आरोपमा दक्षिण अफ्रिकाले इजरायलका विरुद्ध संयुक्त राष्ट्रसंघीय अदालतमा मुद्दा दायर गरेको छ ।

मुद्दाको सुनुवाइमा नेदरल्याण्ड्सको हेग स्थित संयुक्त राष्ट्रसंघको अन्तर्राष्ट्रिय अदालत (आईसीजे) मा उपस्थित हुने निर्णय गरेको इजरायली समाचार वेबसाइट Ynet ले सोमबार उल्लेख गरेको छ । इजरायलले नरसंहार विरुद्धको महासन्धिमा हस्ताक्षर गरेको स्वीकार गर्दै इजरायली राष्ट्रिय सुरक्षा सल्लाहकार हानेग्बीले कार्यवाहीको बहिष्कार नगर्ने, तर उपस्थित भई आफू विरुद्धको षड्यन्त्रलाई अस्वीकार गर्ने बताएको वेबसाइटमा उल्लेख छ । प्रतिवेदनका अनुसार इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको नेतृत्वमा वरिष्ठ अधिकारी बीचको छलफल अघि नै यो निर्णय लिइएको हो । शुक्रबार दायर गरिएको मुद्दामा "गाजा स्ट्रिपमा प्यालेस्टिनीको नरसंहारको रोकथाम तथा सजायको महासन्धि अन्तर्गतको दायित्वको इजरायलले उल्लङ्घन गरेको अन्तर्राष्ट्रिय अदालत (आईसीजे) ले जनाएको छ । दक्षिण अफ्रिकाले संयुक्त राष्ट्रसंघीय अदालतलाई "नरसंहार महासन्धि अन्तर्गत प्यालेस्टिनी जनताको अधिकारलाई गम्भीरताका साथ लिई थप क्षतिबाट जोगाउन प्रभावकारी उपाय अवलम्बन गर्न आग्रह गरेको छ ।

# जहाँ विपद् त्यहाँ काँग्रेस

**भूकम्पबाट प्रभावित नागरिकहरुको अस्थायी टहरा निर्माणमा होस् वा कोरोना महामारीका बेला प्रताडित बनेका जनताहरु हुन् वा भूकम्प, बाढी, पहिरोबाट प्रभावित जनताको उद्दारमै किन नहोस् काँग्रेस एक भएको देखिन्छ ।**

**रामचन्द्र रायमाझी**

**पाल्पा,** पुस १७/नेपाली समाजमा कुनै बेला रिस उठ्यो भने, तेरो घरमा काँग्रेस पसोस् भन्ने चलन थियो, तर अहिले परिस्थिति बेग्लै छ । पार्टीभित्र नेताहरु गुट, उपगुट बनाएर अगाडि बढे पनि जनताको दुखमा भने सधैं एक हुन्छ । काँग्रेस लोकतान्त्रिक पार्टी भएकाले पनि जनताको सुखदुःखमा सधैं सारथी बन्ने गरेको छ । अहिले आपत विपदमा काँग्रेस गाउँ गएन भने कहिले काँग्रेस आउँछ र सबैको मुहार हंसिलो हुन्छ भन्ने वातावरण सिर्जना भएको छ । नहोस् पनि कसरी हरेक विपद्मा काँग्रेस नेताहरु अग्रमोर्चामै देखिन्छ । हालै जाजरकोट र रूकुम पश्चिममा गएको भूकम्पबाट प्रभावित नागरिकहरुको अस्थायी टहरा निर्माणमा होस् वा कोरोना महामारीका बेला प्रताडित बनेका जनताहरु हुन् वा भूकम्प, बाढी, पहिरोबाट प्रभावित जनताको उद्दारमै किन नहोस् काँग्रेस एक भएको देखिन्छ । वडा तहदेखि केन्द्र तहसम्म नै काँग्रेसका नेताहरु जहाँ विपद् पर्छ त्यहाँ पुग्ने गरेका थुप्रै दृष्टान्तहरु छन् ।



पाल्पामा पनि काँग्रेसले पहिरो, आगालागी जस्ता विपद्बाट प्रभावित जनताको घरमै पुगेर दुखमा साथ दिने गरेको छ । उसले दुखमा सहानुभूतिसँगै सक्दो सहयोग समेत गर्ने गरेको छ । काँग्रेसले यही पुस ७ गते कुडो पकाउन सल्काएको आगो सल्किन गई आगलागी हुँदा घरबार बिहिन भएका जिल्लाको निस्दी गाउँपालिका-३, क्याङ्रुङ्का श्यामबहादुर पल्लीको परिवारलाई आइतबार घरमै पुगेर खाद्यन्न र लत्ताकपडा सहयोग गरेको छ । नेपाली काँग्रेस पाल्पा क्षेत्र नं १ (क) ले आगलागी पिडित परिवारलाई ४० हजार बराबरको खाद्यान्न र लत्ताकपडा सहयोग गरेको हो । उक्त खाद्यान्न र लत्ताकपडा नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले पीडित परिवारलाई हस्तान्तरण गरेका हुन् । राहत सामग्री वितरण गर्दै सभापति श्रेष्ठले दुखको बेलामा केही भएपनि राहत दिलाउन काँग्रेस पीडितको घरमा आएको बताए । उनले प्राकृतिक विपत्तिमा परेका जनताहरुसँगै नेपाली काँग्रेस पनि सँगै रहेकाले दुखमा नआत्तिन आगालागी पीडितलाई सान्त्वना दिएका छन् । काँग्रेसले सुरक्षित आवासका लागि सम्बन्धित निकायसँग समन्वय गरिदिने समेत सभापति श्रेष्ठले बताए । उनले केही दिन अघि जाजरकोट र रूकुम पश्चिममा गएको भूकम्पबाट प्रभावितहरुका लागि काँग्रेसले एकद्वार प्रणालीको माध्यमबाट ५० लाख राहत कोषमा रकम जम्मा गरेको र एक हजार भन्दा बढी अस्थायी टहरा निर्माणमा समेत सहयोग गरेको स्मरण गराउँदै काँग्रेस जनताको सुख दुखमा साथ दिने पार्टी भएको बताए । सभापति श्रेष्ठले भने 'काँग्रेस मिसन ८४ मात्र लिएर हिड्ने पार्टी होइन्, गरिब जनताको लागि सधैं मिसन बनाएर हिड्छ ।' उनले घरमा दुख र पीडा पर्दा समेत काँग्रेसलाई सम्झिन सबैलाई आग्रह गरे । पार्टीका जिल्ला सभापति श्रेष्ठ सहित काँग्रेस नेताहरु राजेन्द्रगोपाल सिंह, शान्ति झेडी, अमिर राना, कृष्ण अधिकारी, श्यामकान्त खनाल, रामु राना लगायतको टोलीले घरमै पुगेर पिडित परिवारलाई खाद्यन्न, सुत्ने, ओढ्ने लत्ताकपडा सहयोग गरेको हो । पुस ७ गते शनिबार गोठमा गाईबस्तुलाई कुडो पकाउन सल्काएको आगो सल्किन गई आगलागी हुँदा घर गोठ जल्नुको साथै ९ महिने बालिकाको ज्यान समेत गएको थियो । गोठमा रहेका बाखा, भैसी समेत जलेर मरे भने घरमा रहेका अन्न, लत्ताकपडा, भाँडाकुँडासहित सबै धनमाल जलेर नष्ट भएको थियो । घर जलेपछि उनीहरु अहिले त्रिपालमुनी बस्दै आएका छन् ।

यस्तै काँग्रेसले गत मंसिरमा तिनाउ कचलका पहिरो पीडितलाई पनि राहत सहयोग गरेको थियो । नेपाली काँग्रेस तिनाउ गाउँपालिकाले गत साउनमा अविरल वर्षाका कारण गएको पहिरोले घर खेतमा क्षति पुऱ्याएका तिनाउ गाउँपालिका-१ कचलका परिवारलाई आवश्यक राहत सामग्री सहयोग गरेको हो । काँग्रेसका नेताहरु घरमै पुगेर यहाँका ५ घर परिवारलाई चामल, नुन तेल र सुत्ने, ओढ्ने लत्ताकपडा सहयोग गरेका थिए ।

## सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं ।
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानी नोक्सानी कानुनी रुपमा दण्डनीय हुन्छ ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानी नोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

# रामपुरमा वडा कार्यालयबाटै राजस्व संकलन

**रामपुर (पाल्पा),** पुस १७/ स्थानीयलाई मालपोत कार्यालयमा नै आफ्नो घरजग्गाको राजस्व बुझाउन पुग्नुपर्दा धेरै सास्ती खेप्नुपर्थ्यो । मालपोत कार्यालयदेखि टाढा बसोबास गरेका स्थानीयलाई एक दिनको समय खर्चेर राजस्व तिर्न जानुपर्ने समस्या अहिले रामपुरवासीको अन्त्य भएको छ ।




रामपुर नगरपालिका कार्यालयको आडैमा मालपोत कार्यालय छ । नगरका टाढा रहेका वडा नं १, २, ९ र १० का स्थानीयले मालपोत कर बुझाउन एक दिनको समय खर्चेर कार्यालयमा धाउनुपर्ने समस्या रहेकामा अहिले प्रत्येक वडा कार्यालयबाट राजस्व लिने व्यवस्था गरिएको छ । नगरपालिकाको केन्द्रबाट नजिक भनिएका वडा नं ३, ४ र ८ को माथिल्लो भेगमा बसोबास गर्नेले धेरै समय बिताएर राजस्व बुझाउनुपर्ने समस्या थियो । वडा कार्यालयबाट छिटोछरितो सेवा पाउँदा आवतजावत तथा आर्थिक समस्या नरहेको रामपुर-९ बरभञ्ज्याङका राजन सुनार बताउँछन् । "सेवाग्राहीले भनेको समयमा वडाबाटै सेवा पाएका छन्, रामपुर नगरपालिकाले वडाबाटै सुरु गरेको मालपोतको राजस्व संकलन कार्य नगरवासीमाझ प्रभावकारी बनेको छ", उनले भने । टाढाटाढाबाट मालपोत कार्यालयमा राजस्व बुझाउन आउने झन्झटलाई मध्यनजर गर्दै नगरभित्रका सबै वडा कार्यालयबाट राजस्व लिन थालिएको हो । वडावडामा सफ्टवयर जडान गरेर कम्प्युटरबाट राजस्व संकलन कार्य भइरहेको रामपुर-८ का वडासचिव महेश भट्टराईले बताए । "घटनादर्ता, सामाजिक सुरक्षा तथा अन्य सिफारिस सम्बन्धी काम वडा सचिवबाटै गर्नुपर्ने हुँदा वडामा जनशक्ति अभावका बीच पनि राजस्व लिइरहेका छौं", उनले भने, "मालपोतको राजस्व लिन सुरु गरेपछि वडा कार्यालयमा सेवाग्राहीको चाप बढेको छ ।"

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## लोककल्याणकारी राज्य खोई ?

कोरियाको पानी जहाज निर्माण कम्पनीमा श्रम गर्नका लागि जान खोजेका नेपाली युवाहरुको भाषा परीक्षामा अनियमितता भएको भन्ने गुनासालाई लिएर प्रर्दशन गर्ने क्रममा पुस १३ गते दुई युवामाथि प्रहरीले चलाएको गोली लाग्दा मृत्युवरण गर्न बाध्य भएका छन् । भाषा परीक्षामा सहभागी ३२ हजार जनाले पुसको २ देखि ६ गतेसम्म खुलाइएको उत्पादन क्षेत्रको भाषा परीक्षामा आवेदन दिन नपाए पछि विरोध प्रर्दशन गर्ने क्रममा मन्त्री सवार गाडीमा आगजनी हुँदा प्रर्दशनकारी माथि प्रहरीले चलाएको गोलीबाट दुई युवाको मृत्युको विषयले अहिले नेपालको राजनैतिक वृतमा अत्यान्तै हृदयविदारक अवस्थाहरु प्रति टीका टिप्पणी भइरहेका छन् । यो घटनालाई लिएर श्रमदातृ मुलुक कोरियाले पनि नेपाल प्रतिको दृष्टिकोणमा बदलाव ल्याउने होकि भन्ने आशंका गरिएको छ । कोरियाको मानव संशोधन विभाग र दूतावासका कर्मचारीहरू 'सुरक्षा थ्रेट'मा पर्नु आफैमा अत्यान्तै दुःखद् अवस्था हो । कोरियाली राजदूत पार्कले, अहिले देखिएको समस्याको समाधान जतिसक्दो छिटो हुनुपर्छ भन्दै आएको भएता पनि नेपालको तर्फबाट जुनरुपमा सक्रियता हुनुपर्ने हो त्यो हुन नसकेको प्रति चिन्ता बढिरहेको बुझिन्छ । त्यसकारण घटना पछि श्रृजना भएका सबै किसिमका वातावरणहरुलाई सकारात्मक दीशातर्फ अग्रसर बनाउनुको अर्को कुनै पनि विकल्प देखिदैन ।

दुवै देश बीचको श्रम सम्झौतालाई पूर्णरुपमा कार्यान्वयन गर्नका लागि नेपाल र कोरियाली कुटनैतिक निकायहरु बीच छलफल र घटनालाई नजिकबाट अनुसन्धान गरेर पीडित परिवारलाई राहत स्वरुप सम्वोधन गर्ने कार्यमा अझै पनि ढिला सुस्ती हुँदा समस्याहरु बाँझिदै जाने र घटनाले विकराल रुपलिने अवस्था आउँन सक्छ । सरकार आफैमा अभिभावक र शासक पनि हो, तर शासन सञ्चालन प्रणालीलाई क्रुर बनाउँदै लग्नु हुँदैन । सरकारले त दुःख परेकाको असल अभिभावकीय भूमिकासँगै कानुनी राज्यलाई प्रवल र सक्षम बनाउँदै लग्नका लागि असल अभिभावक भएर अगाडि बढ्नुपर्ने हुन्छ । हत्या र हिंसाको संस्कृतिको अन्त्य गरेर, देशलाई शान्त र जनतालाई सुखी सम्पन्न बनाउने काम पनि सरकारको नै हो भन्ने कुरालाई कहिल्यै पनि बिर्सन हुँदैन । अनि मात्र लोककल्याणकारी राज्य निर्माण भएको अनुभूति हुनेछ । अन्यथा, राम्रा कुरा, खराब व्यवहार कार्यान्वयन गर्ने निकाय हाम्रो सरकार हो भनेर पिडावोध हुने अवस्था आउँन सक्छ ।

## Opinion @ Social Network

सबैको प्रिय बन्न त कहाँ सकिन्छ र हजुर,
कसैलाई खुर्सानीको स्वाद मनपर्छ भने कसैलाई मिठाई को..
(प्रेम न्यौपानेको फेसबुक स्टाटस https://www.facebook.com/prem123)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# लगानीमैत्री वातावरण किन बनेन ?



मेघनाथ दाहाल

*नेपालको खासगरी सेवा तथा उत्पादन क्षेत्रमा हुनुपर्ने आशातीत लगानी नभित्रनुमा हाम्रो विद्यमान नीतिगत समस्यालाई मुख्य चुनौतीका रूपमा लिइने गरिएको छ । विद्यमान राजनीतिक समग्र वृत्तले लगानीकर्ताको चासोमा ध्यान नदिएको कुरालाई एनसेलसँगको साथ छोडेर जाने कम्पनीले पनि प्रष्ट्याएको छ । कुनै कम्पनीको शेयर किन्नु/बेच्नु व्यावसायिक जगतमा हुने समान्य प्रक्रिया हो । हाम्रो हकमा भने सञ्चार क्षेत्रको र ाम्रो हिस्सा ओगटेको अन्तर्राष्ट्रिय कम्पनीले मुलुकका मसिहा भन्नेहरूको मेख मार्ने गरी नकारात्मक टिप्पणी गरेर बाहिरिँदा कसैको टाउको नदुख्नु अचम्मकै विषय हो ।*

नेपालको समग्र विकासको गति धिमा किसिमले अघि बढेको छ । हाम्रो औसत कम आयको परिणाम बचत छ । आय र बचतबीचको तालमेल नमिल्दा आर्थिक विकासले गति लिन सकेको छैन । त्यसमा निगिन्ती अप्ठ्याराको साथमा मूल पक्ष लगानीका लागि सजिलो वातावरण सिर्जना गर्न नसकेको तीतो सत्य हामी माझ छँदैछ । लगानीको विस्तार कुनै पनि समाजको आर्थिक वृद्धि तथा द्रुततर समग्र विकासको अनिवार्य शर्त हो । योजना बमोजिम परियोजनाको छनौट र लगानीले नै निश्चित समयको अन्तरालमा प्रतिफल दिने गर्दछ । लगानी सार्वजनिक वा निजी जुन सुकै भए तापनि आवश्यकता र समयको मागको आधारमा हुन सकेमा समाजलाई बहुआयामिक सुधारको बाटोमा हिँडाउन सक्ने हुन्छ । छयालीस सालपछिको प्रजातान्त्रिक तीस वर्षीय अवधिभर राजनीतिक स्थिरता भन्ने रटान नेताहरूको मात्र नभएर सर्वसाधारण सबैले गफ गर्ने कुरामात्र भयो । आर्थिक विषयमा नीतिगत स्पष्टता हुन नसक्दा आशातीत लगानी भित्रिन नसकेको तीतो यथार्थ हो । मुलुकले खुला बजार नीति त अवलम्बन गऱ्यो तर लगानीको सुरक्षाको प्रत्याभूति गर्न नसक्दा एकाधबाहेक अन्तर्राष्ट्रिय कम्पनी भित्रिन सकेनन् । नीतिगत रूपमा खुला अर्थनीति स्वीकार गरेको तीन दशका नाघिसक्यो तर बाफय लगानी हेर्ने हो भने हातमा गन्न सकिने संख्याका कम्पनीमात्र भित्रिनुले के कुरालाई अंकित गरेको छ भने मुलुक अझ आन्तिरिक, बाह्य, निजी कर्पोरेट लगानीका लागि सुव्यस्थित हुनसकेको छैन । विदेशी लगानीमा सञ्चालित कम्पनी विभिन्न बाहनाबाजी गरेर भाग्न थालेका छन् । यस अवस्थाले लगानिमैत्री वातावरणको स्थितिमा सुधार हुनुको साटो बिग्रँदो रूपमा अघि बढेको देखिँदै छ । नेपालको खासगरी सेवा तथा उत्पादन क्षेत्रमा हुनुपर्ने आशातीत लगानी नभित्रनुमा हाम्रो विद्यमान नीतिगत समस्यालाई मुख्य चुनौतीका रूपमा लिइने गरिएको छ ।

विद्यमान राजनीतिक समग्र वृत्तले लगानीकर्ताको चासोमा ध्यान नदिएको कुरालाई एनसेलसँगको साथ छोडेर जाने कम्पनीले पनि प्रष्ट्याएको छ । कुनै कम्पनीको शेयर किन्नु/बेच्नु व्यावसायिक जगतमा हुने समान्य प्रक्रिया हो । हाम्रो हकमा भने सञ्चार क्षेत्रको राम्रो हिस्सा ओगटेको अन्तर्राष्ट्रिय कम्पनीले मुलुकका मसिहा भन्नेहरूको मेख मार्ने गरी नकारात्मक टिप्पणी गरेर बाहिरिँदा कसैको टाउको नदुख्नु अचम्मकै विषय हो । नेपालको समग्र राजनीति एवं आर्थिक वातावरण आफू र आफ्ना भनाउँदाको मात्र फाइदा हेर्ने तर लगानिकर्ताको कत्ति पनि हित नचाहेको भन्ने कठोर आरोपका साथ भर्खरैमात्र एउटा ठूलो अन्तर्राष्ट्रिय सञ्चार कम्पनी बाहिरिएको छ । कुनै पनि दलका सदस्य नेतृत्व तथा स्वतन्त्र विज्ञसमेत किन र कसरी यो कम्पनी बाहिरिन गयो भन्ने बारेमा चासो नराखेर अनावश्यक रडाकोमा समय व्यतीत गरिरहेका छन् । कतिपय अति राष्ट्रवादी भन्न रुचाउने सांसदहरू भने लाभकर र सम्माननीय प्रधानमन्त्री पुत्रीबीचको अनावश्यक जुहारीमा रमाउनमै व्यस्त देखिन्छन् । तर, किन र कसरी कुन कारणबस प्रतिष्ठित कम्पनीले आफ्नो शेयर बेचेर बाहिरिइरहेको छ भन्ने कुराका बारेमा सार्वजनिक रूपमा छलफल चलाउने बारेमा कहिँ कतै चुँइक्क गरेको देखिएन । नेपालको राजनीतिक परिदृश्यमा प्रमुख राजनीतिक दलहरू कांग्रेस, एमाले र तराई केन्द्रित दलहरूको खुला बजार र निजी लगानीमाथिको विश्वासप्रति स्वदेशी तथा विदेशी साना ठूला सबै लगानीकर्ता धेरै शंका गर्दैनन् । तर, माओवादीलगायत अन्य ससाना कम्युनिष्ट नामधारी धेरै दलहरूमाथि लगानीकर्ता आज पनि शंकाको दृष्टिले हेर्ने गर्दछन् । नयाँ संविधानले सरकारको कार्यकारी अधिकार तीन तहमा रहेको कुरा स्पष्ट रूपमा किटानि गरेको छ । हाम्रो संवैधानिक व्यवस्थानुसार तीनै तहमा भएको समानुपातिक उपस्थितिको कारण तलबाट माथिसम्मै कुनै एउटा पार्टीको स्पष्ट बहुमत नआउँदा लगानी गर्ने विषयमा समस्या अझ बढेर गएको छ ।

स्थानीय, प्रदेश र केन्द्रीयस्तरमा माओवादीलगायत स-साना कम्युनिष्ट दलहरू जो आफूलाई कट्टर साम्यवादी भन्न रुचाउँछन् उनीहरू निजी लगानी, कर्पोरेट कल्चरलाई आज पनि बाध्यताबसमात्र स्वीकार गरिरहेका छन् । लगानीका लागि उपयुक्त स्थान जहाँसुकै हुनसक्छ । कतिपय स्वदेशी तथा विदेशी ठूला लगानीकर्ता हाम्रो संविधानको प्रावधानमा लेखिएको समाजवादउन्मुख राज्य भन्ने शब्दले नै झस्किँदा रहेछन् । किनभने, ठूला किसिमिका परियोजनामा गरिएको लगानी आजको भोलि नउठ्ने हुन्छ । मुलुकको संविधानले अंगिकार गरेको समाजवाद उन्मुख नीति अनुरूप जुनसुकै समयमा (संसद्मा तथाकथित साम्यवादीहरूको वर्चस्व भएका खण्डमा) राज्यले राष्ट्रियकरण गर्ला भन्ने डर लगानिकर्तामाझ सदैव रहने नै भयो तर वास्तविकता अलि फरक छ । किनभने, निजी लगानी र यसको औचित्यका बारेमा नेपालको हालको कानुन, ऐनहरू लगानिकर्ताकै पक्षमा छन् । नीतिगत व्यवस्थामा पनि समयसापेक्ष सुधार एवं थपघट गर्नुपर्नेछ । जुन नीति, ऐन तथा नियमावलीहरूले लगानी, अर्थव्यवस्थाको सकारात्मकतामा सहयोग पुऱ्याउँदैन तिनीहरूको पुनर्लेखीकरण गर्नुपर्ने हुन्छ । कम्तीमा विधायक आर्थिक विकास तथा उन्नतिका लागि आवश्यक नियम-कानुनमा न्यूनतम रूपमा परिचित हुन आवश्यक देखिन्छ । वार्षिक बजेटको निर्माणको क्रममा सरकारमा संलग्न दलका नजिकका कार्यकर्ताको सजिलोका लागि धेरै संख्याका टुक्रे आयोजना राख्ने कार्य विनाअर्थको भएकाले यसलाई सकेसम्म चाँडै बन्द गर्नुपर्दछ । नीतिगत व्यवस्थाका समस्याका कारण लगानी बोर्डको बैठकमा प्रतिबद्धता जनाइएका धेरै परियोनाले सुरुवात हुने सौभाग्य नै नपाइ हराउने गरेका पाइन्छन् ।

लगनीकर्ताका लागि अर्को महत्वपूर्ण पक्ष भनेको उत्पादित वस्तु तथा सेवाका लागि आवश्यक बजार र सम्भावित आम्दानीको स्तर हो । नेपालको हकमा अझै विदेशी लगानीकर्ताका लागि सजिलो एवं लाभदायक क्षेत्र भनेको जलविद्युत परियोजना हुन् तर यी परियोजनामा आशातीत लगानी भित्रन सकेको छैन । कार्बन उत्सर्जनको कारण विश्वको वातावरणीय पक्ष अस्तव्यवस्त हुँदै गएको समयमा ग्रीन इनर्जीका रूपमा परिचित जलविद्युतमा किन ठूलो लगानी भित्रन सकेन भन्ने बारेमा सरकारमा बस्नेहरूले गहन बहस गर्नुपर्ने होइन र ? यससँग जोडिएको अर्को पक्ष भनेको उदाउँदो भारतीय आर्थिक महाशक्तिलाई ग्रीन इनर्जीको सशक्त जरुरत भएको समयमा हामी यो वा त्यो निहुँमा किन समय खेर फालेर बसिरहेका छौं । नेपालका साना, मध्यम तथा ठूला जलविद्युत् परियोजनामा भारतीय हस्तक्षेपले काम गर्न नदिएको हो भन्ने नभएका होइनन् तर वास्तविकता के हो भने साथी फेरेजस्तो छिमेकी त फेर्न सकिँदैन । साथै भारतीय लगानीमात्र किन अछुत यदि हामी सफा र हाम्रो सम्झौता पारदर्शी एवं सही भएको खण्डमा । हामीले बिर्सनु नहुने के हो भने हामीलाई अझ केही समयका लागि पहिलो र अन्तिम बजार भनेको भारत र भारतीयहरू नै हुन् । यो यथार्थतालाई गफ गरेर र राष्ट्रवादलाई सस्तो बनाएर परिवर्तन गर्न सकिन्छ जस्तो लाग्दैन । पश्चिम सेती, बुढीगण्डकी लगायत अन्य परियोजनामा विदेशी लगानीलाई धेरै हारगुहार गर्दा केही सीप नलागेर नै सरकारले आफैं विभिन्न तरिकाले आफैं बनाउने भनेर कस्सिएको छ । तर, काठमाडौंलाई तराईसँग जोड्ने फाष्ट ट्याक जस्तो बीस वर्षसम्म पनि परियोजना सम्पन्न हुनसकेन भने परियोजनाबाट प्राप्त हुने सबै लाभको हिस्सा ऋणमा परिणत नहोला भन्न सकिँदैन । भर्खरै भएको संसदीय समितिको सुनुवाइको क्रममा नेपाल आर्मीका चिफले सरकारका अत्यन्त खेलाचिपूर्ण कामहरूका कारण फाष्ट ट्याक निर्माणमा सुस्ती भएको हो । नेपाल आर्मीका कारण यसको निर्माणमा कहिँ कतै ढिलाइ भएको हुँदै होइन भन्ने जवाफले सबैलाई सोच्न बाध्य बनाइदिएको छ । चारवटा रूख काट्न नौ महिना लगाइदिने वन मन्त्रालयलाई दोषी नदेखेर हामीलाई दोष लगाउने भन्ने कडा जवाफले सांसदहरूका मुख सुकेका थिए । लगानिको पाँचौं विषय पूर्वाधार एवं करका विषय लगानिकर्ताका लागि महत्वपूर्ण पक्ष हुन् । भौतिक, सामजिक, आर्थिक तथा मानवीय पूर्वाधारहरूको उपलब्धताले लगानीको स्तरलाई प्रोत्साहितमात्र नगरेर आकर्षण गर्न गर्दछ । हाम्रो हकमा भौतिक पूर्वाधारको हिसाबमा तराई, भित्रीमधेससहित केही पहाडी क्षेत्र सुलभ मानिन्छन् । वस्तु उत्पादनका हिसाबमा तराई र जलविद्युतलगायत सेवा क्षेत्रमा लगानी गर्ने कम्पनी कम्तीमा पहाडी क्षेत्रहरूमा उक्लनुपर्ने बाध्यता देखिन्छ ।

संघीय राजधानीलगायत पोखरासहित मध्य तथा पहाडी क्षेत्रमा नेपालीहरूको बसोवास पछिल्लो दुई दशकमा राम्रोसँग बिस्तार भएको छ । मध्यपहाडी लोकमार्ग र धरान-चतरा-हेटौंडा मदन भण्डारी लोकमार्गका कारण मध्यम तथा उच्चमध्यम वर्गका नेपालीहरूको उपस्थिति यो क्षेत्रमा बाक्लिएको छ । सुरक्षाको हिसाबमा नेपाली परिवेशमा लगानीको खतरा खासै देखिएको छैन । तर राजनीतिक दल आफैंले कहिलेकहिँ ठूलो बन्न यो वा त्यो बाहानामा जात, जाति, धर्म, संस्कृति जस्ता अनावश्यक मुद्दाहरूको उठान गरी जनता भड्काउने काम गर्न थालेका छन् । अन्त्यमा, नेपाल सरकाले आगामी वैशाखमा लगानी बैठकको तयारीमा लागेको सुन्नमा आएको छ । जबसम्म आन्तरिक रूपमा भएका श्रम, पूर्वाधार, कानुनी, वित्तीय तथा अन्य समस्याको समाधानको बाटो नपहिल्याइकन विश्वभरका सम्भावित लगानीकर्तालाई बोलार जात्रा गर्नुको अर्थ देखिँदैन । किनभने यसअघिका सम्मेलनमा भएका धेरै लगानी प्रतिबद्धतामध्ये थोरै पनि कार्यान्वयन गएको पाइँदैन । उनीहरू जायज तथा नाजायज विविध कारण देखाएर पन्छिने गरेका छन् । अबको लगानी सम्मेलन अर्थपूर्ण बनाउने हो भने सरकारको गृहकार्य राम्रो हुनुपर्दछ ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९८५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१७५८
बनगाई क्लब बनगाई ०७६-६९०७०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :मन अशान्ति हुने देखिन्छ । विद्वान्, धर्मात्मा एवं मनोबल सम्पन्न हुनेछ । | **तुला** : शत्रुहरू पराजित हुनेछन् । भ्रमणको अवसर प्राप्त भइरहनेछ । |
| **बृष** :आफन्तहरूको कम सहयोग मिल्नेछ। पती-पत्नीबीचको सम्बन्ध हुनेछ । | **बृश्चिक** :धर्मकर्ममा मन जानेछ । व्यापार व्यवसायमा लाभ मिल्नेछ । |
| **मिथुन** :पारिवारिक कलह होला । स्वास्थ्यमा गडबढी हुने, धन खर्च होला। | **धनु** :स्वास्थ्यको स्थिति राम्रो रहने छ। भाइबहिनीको सहयोग प्राप्त हुनेछ । |
| **कर्कट** : जीवन सुखी, एवं आनन्दित रहनेछ । पराक्रम बढ्ने योग छ । | **मकर** :जीवन सुखी, शान्त एवं आनन्दित रहनेछ । पराक्रम बढ्ने योग छ । |
| **सिंह** :घरेलु सुख पूर्ण सफलता मिल्नेछ। पितासँगको सम्बन्ध राम्रो रहनेछ । | **कुम्भ** :आफ्नो स्वास्थ्यमा ध्यान दिनुपर्नेछ। मन शान्त एवं सुखी हुने योग छ । |
| **कन्या** :अनावश्यक खर्चका होला । बाहिरी स्थानबीच सुमधुर सम्बन्ध होला। | **मीन** :साथीबीचको सम्बन्ध रहनेछ । व्यावसायिक समस्यासामना गर्नुपर्ने छ। |

## मनोरञ्जन

# टिकटकको चर्चाले म्युजिक भिडियोमा अवसर, फिल्मसम्म यात्रा




टिकटकबाट चर्चामा आएका पवित्रा साकी (मिस पबी) र सिम्रन पन्तले 'राजमहल'मार्फत् फिल्ममा डेब्यु गर्दैछन् । केही दिनअघि मात्र निर्माण घोषणा भएको फिल्ममा उनीहरूले रमेश उप्रेती, आँचल शर्मा, सलोन बस्नेतजस्ता चर्चित कलाकारसँग काम गर्ने अवसर पाउने भएका छन् । डडेल्धुराकी 'मिस पबी' डोटेली भाषामा बोलेर टिकटकबाट चर्चामा आएकी थिइन् । टिकटकबाट पाएको लोकप्रियताकै कारण उनले म्युजिक भिडियोमा मोडलिङको अवसर पाइन् । थुप्रै म्युजिक भिडियोमा अभिनय गरिसकेकी उनले अहिले फिल्ममा अभिनयको अवसर पाएकी हुन् ।

यस्तै, सिम्रनले पनि टिकटकको माध्यममार्फत् म्युजिक भिडियोमा मोडलिङको अवसर पाएकी थिइन् । 'टिकटकमा देखेका आधारमा म्युजिक भिडियोका लागि अफर गर्नुभएको थियो । केही भिडियोमा अभिनय गरेपछि अहिले फिल्ममा अवसर पाएँ,' उनले भनिन् । उनी विगत ८ महिनादेखि मुम्बईमा रहेर अभिनय र नृत्यको प्रशिक्षण लिइरहेकी थिइन् । फिल्मको अफर आएपछि उनी काठमाडौं आएकी हुन् । मिस पबि र सिम्रन मात्र होइन, यसअघि पनि टिकटकबाट उदाएकाहरूले फिल्ममा अभिनय गरिसकेका छन् । नेपालमा विगत डेढ महिनादेखि टिकटक प्रतिबन्ध छ । 'सामाजिक सद्भाव र वातावरणमा खलल पुऱ्याउन भूमिका खेलेको' भन्दै सरकारले गत कार्त्तिकबाट टिकटकमाथि प्रतिबन्ध लगाएको थियो । धेरैले मनोरञ्जनको माध्यम मान्दै आएको टिकटकमा पछिल्लो समय धेरै विकृति भित्रिएको गुनासो बढेको थियो । यद्यपि, प्रतिभा भएकाहरूलाई भने टिकटक फगत मनोरञ्जनको माध्यम मात्र नभएर अभिनय करिअर शुरू गर्ने बलियो प्लेटफर्म समेत बनिदिएको थियो । जसमध्ये केहीले फिल्मसम्म यात्रा तय गरिसकेका छन् ।

टिकटकबाट म्युजिक भिडियोमा उदाएर फिल्मसम्मको यात्रा तय गर्नेमा सबैभन्दा चर्चामा देखिएकी छन् गरिमा शर्मा । म्युजिक भिडियोमा डिमाण्डेड उनले मोडलिङ गरेका थुप्रै गीतहरू निकै रुचाइएका छन् । उनले दुईवटा फिल्ममा काम गरिसकेकी छन् । उनको शीर्ष भूमिका रहेको फिल्म 'लन्डन टु पेरिस'को छायांकन सकिएको धेरै भइसकेको छ । यद्यपि, प्रदर्शन मिति भने तय भइसकेको छैन । उनले यतिबेला फेरि अर्को फिल्ममा काम गरेकी हुन् । नीता ढुंगाना र हरिहर अधिकारीको फिल्म 'ह्रस्वदीर्घ'मा उनले काम गरेकी छन् । यस्तै फिल्म 'दौतरी'मा पनि काम गर्ने उनको तयारी छ । त्यस्तै, मोडल रेश्मा घिमिरे पनि टिकटकबाट चर्चामा आएकी हुन् । केही वर्ष पहिले 'यो साइनो मायाको' फिल्ममा अभिनय गरे पनि नोटिस हुन नसकेकी उनी पछि टिकटकबाट चर्चामा आएर म्युजिक भिडियोमा छाउन पुगिन् । उनले मोडलिङ गरेका थुप्रै म्युजिक भिडियो निकै रुचाइए । पछिल्लो समय भने उनी म्युजिक भिडियोमा पहिलेजस्तै व्यस्त देखिएकी छैनन् । उनको अभिनय रहेको फिल्म 'अन्तिम संस्कार' गत असारमा प्रदर्शनमा आएको थियो । 'टिकटकर' भन्नेवित्तिकै सबैभन्दा चर्चित मानिन्छन् 'ट्विनी गर्ल्स' नामबाट परिचित जुम्ल्याहा दिदीबहिनी, प्रिज्मा-प्रिन्सी खतिवडा । छोटो समयमै टिकटकमा लाखौं फ्लोअर्स र लाइक पाउने प्रयोगकर्ता बनेका उनीहरू लोकप्रियताकै खातिर म्युजिक भिडियोमा उदाए र निरन्तर सक्रिय रहे । उनीहरूले मोडलिङ गरेका एकपछि अर्को म्युजिक भिडियो चल्दै गए । यी दुईले फिल्ममा अभिनेत्रीका रूपमा काम गरिसकेका छैनन् । यद्यपि, फिल्मको गीतमा भने नृत्य गर्ने अवसर पाइसकेका छन् । केही वर्ष अगाडि प्रदर्शनमा आएको 'लभ डायरिज' फिल्मको गीत 'छम छम'मा उनीहरूले नृत्य गरेका थिए । टिकटकबाटै उदाएर अहिले म्युजिक भिडियोमा छाइरहेकी मोडल गीता ढुंगानाले पनि फिल्ममा अभिनेत्रीका रूपमा अभिनय नगरे पनि फिल्मको गीतमा भने नृत्य गरिसकेकी छिन् । टिकटकमा एक हिसाबको चर्चा कमाएपछि 'ओए काजल' बोलको गीतबाट उनी म्युजिक भिडियोमा उदाएकी थिइन् । त्यसयता दर्जनौं म्युजिक भिडियोमा अभिनय गरिसकेकी उनले गत मंसिरमा प्रदर्शनमा आएको फिल्म 'दुई कदम'को 'काग भन्दा कोइली चलाख'बोलको गीतमा नृत्य गरेकी हुन् । टिकटकबाट उदाएर फिल्मसम्मको यात्रा तय गर्नेहरू कम भए पनि म्युजिक भिडियोसम्म आउनेहरू भने थुप्रै छन् ।

*-लोकान्तर डटकम*

# 'अगस्त्य : च्याप्टर १' फागुन १८ मा रिलिज हुने




सौगात मल्लका दुई 'क्यारेक्टर पोस्टर' सार्वजनिक गर्दै फिल्म 'अगस्त्य'को प्रदर्शन मिति घोषणा गरिएको छ । निर्माताले फागुन १८ लाई प्रदर्शन मितिको रुपमा तय गरेका हुन् । उक्त दिनमा यो फिल्म नेपालसहित विश्वभर प्रदर्शन गर्ने निर्माताको तयारी छ । सौरभ चौधरी निर्देशित फिल्मको पोस्टरमा मल्ललाई 'सौर्य' नामक पात्रको रुपमा चिनाइएको छ । एउटा पोस्टरमा उनी एक्सन अवतारमा प्रस्तुत छन् भने अर्कोमा रेलवेमा हिंडिरहेको कुनै सडकछाप पात्रको रुपमा । यो फिल्मको सुटिङ भारतको गोरखपुर र नेपालका विभिन्न थलोमा गरिएको छ ।

यो पात्रका लागि सौगातले २० किलो तौल बढाएका थिए । पछि फेरि १० किलो तौल घटाए । उनको शारीरिक ट्रान्सफर्मेसनको चर्चा मिडियामा भइसकेको छ । सौगातको मेहनत पोस्टरमा स्पष्ट देखिन्छ । फिल्म बदलाको कथावस्तुमा आधारित छ । उनी एक क्रेजी लभरको भूमिकामा प्रस्तुत भएका छन् । फिल्ममा मलिका महत, नाजिर हुसेन, प्रमोद अग्रहरि, विजय बराल र रविन्द्र झाको पनि अभिनय छ । डार्क हर्स इन्टरटेनमेन्ट र सेभेन सिज इन्टरटेनमेन्टको प्रस्तुतिमा फिल्म बनेको हो । फिल्ममा प्रकाश मल्ल, अनिष तामाङ र विनोद पौडेलको लगानी छ । फिल्मका कार्यकारी निर्माता विश्व गौचन र अभिषेक चौधरी हुन् । फिल्मलाई नेपालभर डीसीएनले वितरण गर्नेछ ।

*-अनलाइन खबर डटकम*

# 'ए मेरो हजुर ५'को तयारीमा झरना




विश्वमै सिरिज फिल्मप्रति मेकर र दर्शकको आकर्षण अद्भुत छ । यसैले सफल फिल्मको नाममा थुप्रै श्रृंखला निर्माण भएका छन् । नेपालमा पनि व्यावसायिक हिसाबले सिरिज फिल्म नै सर्वाधिक सफल देखिन्छन् । यसमा 'ए मेरो हजुर' सिरिज पनि पर्छ । यसका चारवटा श्रृंखला निर्माण भैसकेका छन् । तर, पहिलो श्रृंखलाको गर्विलो साख अरुले जोगाउन नसकेको टिप्पणी हुँदै आइरहेको छ । अब 'ए मेरो हजुर'को पाँचौं श्रृंखला निर्माण हुने भएको छ । यस वर्षको भदौमा प्रदर्शन भएको फिल्म 'एक भगवत् र एक गीता'को असफलताले हच्किएकी निर्देशक झरना थापाले अंग्रेजी नयाँ वर्ष (२०२४)को अवसर पारेर सोमबार इन्स्टाग्राम स्टोरीमा उदाउँदो सूर्यको तस्वीर साझेदार गर्दै 'ए मेरो हजुर ५' निर्माणको घोषणा गरेकी हुन् । उनले फिल्मबारे अरु जानकारी भने गराएकी छैनन् । 'ए मेरो हजुर २'देखि झरना आफैंले निर्देशनको जिम्मेवारी सम्हाल्दै आएका छिन् ।

पाँचौं श्रृंखलालाई पनि उनले नै निर्देशन गर्नेछिन् । फिल्ममा उनकै छोरी तथा अभिनेत्री सुहाना थापा मुख्य भूमिकामा प्रस्तुत हुने चर्चा छ । मुख्य अभिनेतामा भने झरनाको पहिलो रोजाईमा अनमोल केसी छन् । फिल्मको अघिल्लो दुई श्रृंखलामा अनमोल र सुहानाले जोडी भएर एकसाथ काम गरिसकेका छन् । झरनाले यस वर्ष 'ए मेरो हजुर' श्रृंखलालाई थाती राख्दै लैंगिक अल्पसंख्यक समुदायको कथामा 'एक भगवत् र एक गीता' बनाएकी थिइन् । फिल्मले उठाएको विषयवस्तुको राम्रै प्रशंसा भएको थियो । तर, लेखन र प्रस्तुतीकरण कमजोर हुँदा फिल्म सफलताबाट बञ्चित हुन पुग्यो । उक्त फिल्ममा भएको घाटाको भरपाई अब झरनाको परिवार 'ए मेरो हजुर ५'बाट गर्ने योजनामा देखिएको छ ।

*-फिल्मी खबर डटकम*

# हलमा छैनन् नेपाली चलचित्र, सिनेमा नै छैनन् कि रिलिज नभएका हुन्



सिनेमा हलमा यति बेला नेपाली चलचित्र छैनन् । अब तत्कालै रिलिज हुने सिनेमा पनि छैनन् । दसैंयता न्यून संख्यामा मात्र नेपाली सिनेमा रिलिज भएका छन् । 'भष्मे डन', 'परदेशी-२', 'कौसीद', 'बासेन्जी', 'दिमाग खराब', 'जम्प' र 'दुई कदम' रिलिज भए । यीमध्ये 'भष्मे डन' र 'परदेशी-२' बाहेकका चलचित्रले बक्सअफिसमा आकर्षक कमाइ गर्न सकेनन् । 'दिमाग खराब'ले औसत कलेक्सन गरेको थियो । अब पुस २७ गते दुई नेपाली चलचित्र रिलिज हुनेछन्, 'चित्रा' र 'पर्खि बसें' । जाडो महिनालाई नेपाली चलचित्र बजारमा 'अफ सिजन' मान्ने चलचित्रकर्मी पनि छन् । भलै, सिनेमाको बजार र व्यापार निर्धारण सिजन होइन कन्टेनले गर्छ भन्ने चलचित्रकर्मी पनि छन् ।

हलमा सिनेमा नभइरहेका बेला फ्लोरमा भने सिनेमाको भीड छ । अहिले कोही दर्शकले म नेपाली सिनेमा नै हेर्छु भनेर हल जान खोजे चलचित्र छैनन् । मेकरले खाली समय छोडे पनि सिनेमा भिडाउन छोडेका छैनन् । पुस २७ नै यसको उदाहरण हो । 'चित्रा' र 'पर्खि बसें' नै यसका उदाहरण हुन् । यही समय फ्लोरमा भने मेकर र कलाकारलाई भ्याइ नभ्याइ छ । अनमोल केसीदेखि दयाहाङ राई र विपीन कार्कीसम्मका चलचित्र फ्लोरमा छन् । 'फर्की फर्की', 'महाजात्रा', 'रंगेली', 'डिग्री माइला', 'दान्भी', 'यो मन त नेपाली हो', '११:५५' लगायत चलचित्र फ्लोरमा छन् । यीमध्ये केही चलचित्रको पोस्ट प्रोडक्सनको काम सुरु गरिएको छ । 'मायावी'लगायत चलचित्र सम्पादनको टेबुलमा पुगिसकेका छन् । केही चलचित्र छायांकनको तयारीमा छन् । '१२ गाउँ', 'दुखी आत्मा', 'भूठान', 'मनसरा', 'मेयर', 'वरिष्ठ बलराम', 'लोकल हिरो', 'बलिदान', 'कार्साङ', 'ज्वाइँ साब', 'पूजार सार्की', 'जेरी-२' लगायत चलचित्र छायांकनको तयारीमा छन् । यीबाहेक घोषणा गरिएका तर छायांकनको मिति तय नभएका चलचित्र थुप्रै छन् । चलचित्र निर्माता संघका अध्यक्ष नवल खड्का सिनेमा रिलिज नहुनुको कारण चलचित्रको अभाव नरहेको बताउँछन् । निर्माण सकाइएका चलचित्रको संख्या ठूलो रहेको उनको भनाइ छ । "रिलिजका लागि सिनेमाको अभाव छैन । ठूलो संख्यामा सिनेमा रिलिज हुनै बाँकी छ," नवल भन्छन्, "हाम्रोमा चिसोमा सिनेमा रिलिज नगरौं भन्ने सोच पनि छ । चिसो हुन्छ, दिन छोटो हुन्छ त्यसैले मंसिर, पुस र माघमा सिनेमा सकेसम्म रिलिज नगरौं भन्ने सोच साथीहरूमा छ ।"

यी महिनामा चाडपर्व खासै नहुने भएकाले पनि मेकर आफ्नो सिनेमा रिलिजका निम्ति हिचकिचाउने गरेको अध्यक्ष नवल बताउँछन् । पर्व बिदाको अवसर पारेर चलचित्र रिलिज गर्ने गरिएको उनी सुनाउँछन् । यी महिनामा पर्व नहुनु पनि सिनेमा रिलिज नहुनु वा कम हुनुको कारण रहेको उनी बताउँछन् । निर्माता संघका उपाध्यक्ष समेत रहेका निर्देशक दीपेन्द्र के खनाल फागुन लागेपछि हलमा नेपाली चलचित्रको भीड लाग्ने बताउँछन् । निर्माण सम्पन्न गरेर उपयुक्त डेट लिएर र लिन थुप्रै मेकर बसेको उनको भनाइ छ । "फिल्मको अभाव होइन, रोजेको डेट पछि रहेका कारण अहिले सिनेमा रिलिज नभएका हुन् । फागुन लागेपछि एउटै डेटमा तीन/चारवटा नेपाली सिनेमा आउनेछन्," निर्देशक समेत रहेका दीपेन्द्र भन्छन् । हिन्दी सिनेमाको क्यालेन्डरले नेपाली चलचित्रको रिलिज रोकिएको उनी बताउँछन् । बलिउडका स्टार कलाकार र निर्देशकका ठूला सिनेमा आउने भएपछि नेपाली मेकर रिलिजबाट पछि हटेको उनको बुझाइ छ । बलिउड सिनेमा 'एनिमल', 'डंकी', 'सलार'का कारण नेपाली चलचित्र अहिले रिलिज नगरिएको उनी बताउँछन् ।

चिसो मौसमका कारण सिनेमा रिलिज हुँदैनन् भन्ने तर्कमा भने सहमत हुन नसकिने दीपेन्द्र बताउँछन् । बलिउड सिनेमा यही समयमा रिलिज भएर बक्सअफिसमा नयाँ-नयाँ रेकर्ड तोड्दै गएको उनी स्मरण गर्छन् । "सिनेमा नै राम्रो हुनुपर्छ । सिनेमा राम्रो भयो भने चिसो वा तातो मौसम भन्ने हुँदैन । अहिले सुविधासम्पन्न हल छन्," उनले भने, "यही जाडोमा एनिमलको मध्यरातदेखि बिहानसम्मका सबै शोज हाउसफुल भए । त्यसैले चिसो मौसमभन्दा पनि सिनेमा नै राम्रो हुनुपर्छ । मौसमले असर गर्दैन ।"

*-बाह्रखरी डटकम*

# रुसी सेनामा भर्ना भएका थप तीन नेपालीको मृत्यु



**पाल्पा,** पुस १७/रुसी सेनामा भर्ना भएका थप ३ जनाको मृत्यु भएको छ । परराष्ट्र मन्त्रालयलले रुसी सेनामा भर्ना भएका थप ३ जना नेपालीको मृत्यु भएको पुष्टि गरेको हो ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता अमृतबहादुर राईका अनुसार मृत्यु हुनेमा धादिङका राजकुमार गिरी, स्याङ्जाका हरिप्रसाद अर्याल र कैलालीका भरतबहादुर शाह छन् । उनीहरूको रुस-युक्रेन युद्धको क्रममा मृत्यु भएको परराष्ट्र मन्त्रालयको भनाइ छ । योसँगै रुसी सेनामा भर्ना भई मृत्यु हुनेको संख्या १० पुगको छ ।

# रामपुरमा वडा कार्यालयबाटै...

...सबै वडामा कम्प्युटर अपरेटर छैनन्, सहायक अपरेटर, वडासचिव तथा कार्यालय सहायक कर्मचारीबाट काम हुने गरेको छ । जनशक्ति अभावका बाबजुत पनि नागरिकलाई स्थानीय गत मंसिरदेखि नगरपालिकाभित्र रहेका दशवटै वडा कार्यालयमा कार्यरत कर्मचारीलाई अनलाइन सफ्टवयर प्रविधि सम्बन्धी दुईदिने तालिम दिएर वडाबाटै राजस्व संकलन सुरु गरिएको प्रमुख प्रशासकिय अधिकृत सूर्यदर्शन पण्डितले जानकारी दिए । वडाबाट हुने विभिन्न सिफारिस र घटनादर्ताको मात्रै राजस्व संकलन गरिरहेको वडा कार्यालयले अहिले मालपोतको राजस्व पनि संकलन गर्न थालेपछि सेवा प्रभावकारी बनेको छ । नगरपालिकाको कार्यपालिका बैठकको निर्णयअनुसार नगरवासीलाई सहज सेवा दिन मालपोत भूमिकर वडाबाटै लिने व्यवस्था गरिएको हो । मालपोत कार्यालयमा एक दिनको समय बिताएर घरजग्गाको राजस्व बुझाउन जानुपर्ने समस्या स्थानीयले भोग्दै आइरहेकामा वडाबाटै सेवा प्रवाह सुरु गरेपछि धेरै सजिलो भएको रामपुर-९ का वडाध्यक्ष डिलबहादुर राना बताउँछन् । नगरपालिकाको केन्द्र तथा मालपोत कार्यालयदेखि टाढा रहेको रामपुर-९ का स्थानीयले मालपोतको राजस्व शुल्क बुझाउन एक दिनको समय खर्चनुपर्नेछ । मालपोत कार्यालय बेभाङ बजारसम्म आवतजावतका लागि यातायात खर्च, एक दिनको समय बिताउनुपर्दा स्थानीयले निकै सास्ती झेल्दै आएका थिए । दिनभरको समय बिताएर राजस्व बुझाउँदै आएका स्थानीय वडा कार्यालयमा छिटो छरितो सेवा पाउँदा दङ्ग छन् । सूचना प्रविधिलाई व्यवस्थित गर्दै कर्मचारीको सिकाइमा दक्षता वृद्धि गरी सहजरुपमा सेवा दिन वडा कार्यालयबाट मालपोतको राजस्व संकलन गर्ने व्यवस्था गरिएको नगर प्रमुख रमणबहादुर थापाले बताए । नगरवासीलाई स्थानीय सरकारको प्रत्याभूति दिन नगरपालिकाले सेवा प्रवाहलाई सहज बनाउँदै गएको छ । नगरपालिकाको कार्यालय, मालपोत कार्यालयबाट दिइने सेवा वडा कार्यालयबाट दिने व्यवस्था गरेको छ । साथै ज्येष्ठ नागरिकलाई मध्यनजर गर्दै सामाजिक सुरक्षा भत्ता बैंकको पहुँचदेखि टाढा रहेका वडाबाट वितरण गर्न थालिएको छ । *-रासस*


**तानसेन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तानसेन, पाल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

## भुल सुधार गरिएको बारे

तानसेन नगरपालिकाको मिति २०८०/०९/१७ गते नव जनचेतना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित कर तथा शुल्क सम्बन्धी सिलबन्दी वोलपत्र आह्वानको सुचनाको बुदा नं. ३ मा **आ.व. १०७९/०८० सम्मको कर चुक्ता प्रमाण पत्र** र बुदा नं. ८ मा **२०८१ असार मसान्तसम्म** हुनुपर्नेमा अन्यथा हुन गएकोले भुल सुधार गरिएको छ ।



**सामाजिक जागरण तथा विकास अभियान (साडेक) नेपाल, गुल्मी**

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

***प्रथम पटक प्रकाशित भएको मिति २०८०/०९/१८***

सिलबन्दी दरभाउ पत्रको सुचना नं.SADEC/SQ/VITA/GOAT/01/080/81

कालिगण्डकी गाउँपालिका गुल्मी र हेफर प्रोजेक्ट नेपालको साझेदारी तथा सामाजिक जागरण तथा विकास अभियान (साडेक) नेपाल, गुल्मी नेपालको सहजीकरणमा सञ्चालित कालिगण्डकी कृषि तथा पशु उद्यमशिलता विकास परियोजना गुल्मी अन्तर्गत उच्च प्रजनन् योग्य स्वस्थ विउ बाखाहरु खरिद गर्नुपर्ने भएकोले ईच्छुक योग्य आपूर्तिकर्ताहरुबाट रितपूर्वक सिलबन्दी दरभाउ पत्र आह्वान गरिन्छ ।

**सिलबन्दी दरभाउपत्र सम्बन्धी विवरण**

| क.सं. | वस्तु /सामग्रीको विवरण | परिमाण | दरभाउ पत्र जमानत रकम रु. | दरभाउ पत्र फारम दस्तुर | दरभाउ पत्र मान्य हुने अवधि | दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउ पत्र दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउ पत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १. | उच्च प्रजनन् योग्य स्वस्थ विउ बाखा | २२० | ४८,०००।०० | १,०००।०० | सिलबन्दी दरभाउ पत्रको मान्य अवधि ४५ दिनहुनेछ । | २०८०/१०/०३ गते कार्यालय समय साँझ ४:०० बजे भित्र । | २०८०/१०/०४ गते मध्यान्ह १२:०० बजे सम्म । | २०८०/१०/०४ गते अपरान्ह २:३० बजे । |

१. दरभाउ पत्र पेस गर्न ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात् २०८०/१०/०३ गते कार्यालय समय साँझ ४:०० बजे भित्र रु. १,००० दस्तुर (फिर्ता नहुने) तथा फर्म दर्ता प्रमाणपत्र सहित लिखित निवेदन सामाजिक जागरण तथा विकास अभियान (साडेक) नेपाल, गुल्मीको मुख्य कार्यालय रेसुङ्गा नगरपालिका वडा नं.१ भिमचोक तम्घास, गुल्मीमा पेश गरी सिलबन्दी दरभाउ पत्र सम्बन्धी कागजात खरिद गर्न सक्नेछन् ।
२. सिलबन्दी दरभाउ पत्र सूचना प्रकाशन भएको मितिले १६ औं दिन अर्थात २०८०/१०/०४ गते मध्यान्ह १२:०० बजे भित्र सामाजिक जागरण तथा विकास अभियान (साडेक) नेपाल गुल्मीको मुख्य कार्यालयमा पेश गर्नुपर्नेछ । उल्लिखित समय भन्दा ढिलो गरी प्राप्त भएका दरभाउ पत्र अस्वीकृत गरिनेछ ।
३. प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु २०८०/१०/०४ गते दिनको २:३० बजे उपस्थित हुन चाहने आपुर्तिकर्ताका प्रतिनिधिहरुको रोहबरमा सामाजिक जागरण तथा विकास अभियान (साडेक) नेपालको मुख्य कार्यलयमा खोलिनेछ । दरभाउ पत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिन देखि गणना हुने गरी कम्तीमा ४५ दिन हुनु पर्नेछ । दरभाउ पत्रको साथ रु ४८,०००।०० (अक्षरुपी अठ्चालिस हजार मात्र) दरभाउ पत्र जमानत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ र त्यस्तो दरभाउ पत्र जमानतको मान्य हुने अवधि दरभाउ पत्रको मान्य अवधि भन्दा कम्तिमा पनि ३० दिन बढी हुनुपर्नेछ । दरभाउपत्रदाताले जमानत वापत नगदै राख्न चाहेमा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय तम्घास, गुल्मीमा रहेको VITa/SADEC Nepal Gulmi खाता नं ३०१०१००३४२६५८००१ मा त्यस्तो रकम जम्मा गर्न सकिनेछ र बैंक जम्मा भौचर सिलबन्दी दरभाउ पत्र साथ पेश गर्नुपर्नेछ ।
४. दरभाउ पत्र खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्यअवधि साविककै मिति देखि गणना गरिनेछ ।
५. सिलबन्दी दरभाउ पत्र पेश गर्न ईच्छुक योग्य आपूर्तिकर्ताहरुले थप जानकारीको लागि सामाजिक जागरण तथा विकास अभियान (साडेक) नेपालको परियोजना कार्यालय पुर्तिघाट र मुख्य कार्यालय तम्घास गुल्मी वा संस्थाको फोन नं ०७९-५२०४७१ वा ईमेल ठेगाना sadecnepal@gmail.com मा सम्पर्क गर्न सक्नुहुनेछ ।

***विष्णु प्रसाद भण्डारी***
***कार्यकारी निर्देशक***


खेलकुद समाचार

# सालाहको २ गोलमा लिभरपुल विजयी



**काठमाडौं,** पुस १७/मोहमद सालाहको दुई गोल मदतमा प्रिमयर लिगको शीर्ष स्थानमा रहेको लिभरपुलले न्यूक्यासल युनाइटेडलाई ४-२ ले पराजित गरेको छ । घरेलु मैदान एनफिल्डमा लिभरपुललाई जिताउनका मोहम्मद सलाहले २ गोल गर्दा कर्टिस जुलियन जोन्स र कोडी म्याथेस गाक्पोले एक-एक गोल थपेका थिए ।

न्यूक्यासलका लागि अलेक्जेन्डर आइज्याक र स्वेन एड्रियान बोटम्यानले एक एक गोल फर्काए । पहिलो हाफ गोलरहित बराबरीमा सकिएको खेलमा सबै गोल दोस्रो हाफमा निस्किएका हुन् । ४९ औं मिनेटमा सलाहले डार्विन गेब्रियल नुनेजको पासमा गोल गर्दै लिभरपुललाई अग्रता दिलाए । अलेक्जेन्डर आइज्याकले ५४ औं मिनेटमा एन्थोनी गोर्डोनको पासमा गोल गर्दै न्युक्यासलाई १-१ को बराबरीमा ल्याएका थिए । ७४ औं मिनेटमा कर्टिस जुलियन डिएगो जोटाको पासमा गोल गर्दै २-१ ले लिभरपुललाई अघि बढाएका थिए । ७८ औं मिनेटमा सलाहको पासमा कोडी म्याथेस गाक्पोले गोल गरेपछि लिभरपुल ३-१ को अवस्थामा पुगेको थियो । ८१ औं मिनेटमा सिन डेबिडन लडस्टाफको पासमा एड्रियान बोटम्यानले गोल गर्दै अन्तर ३-२ मा झारेका थिए । तर, ८६ औं मिनेटमा सलाहले पेनाल्टीमा गोल गरेपछि लिभरपुल ४-२ को फराकिलो जित निकाल्न सफल भयो । जितसँगै शीर्ष स्थानमा रहेको लिभरपुलले ३ अंकको अग्रता बनाएको छ । लिभरपुलले २० खेलबाट ४५ अंक बनाउँदा दोस्रो स्थानमा रहेको एस्टन भिल्लाको समान खेलबाट ४२ अंक रहेको छ । लिभरपुलसँग पराजित भएको न्यूक्यासल भने २९ अंकका साथ नवौं स्थानमा छ ।


**वर्गिकृत डिस्प्ले**
**१ X ५ साइजमा मात्र**
**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**
सम्पर्कः ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा उच्च अंकको गिरावट



**पाल्पा,** पुस १७/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अंकको गिरावट देखिएको छ । मंगलबार नेप्से परिसूचक ३० दशमलव ०५ अंकले घटेर दुई हजार ३० दशमलव १० को बिन्दुमा कायम भएको हो ।



तीन सय पाँच कम्पनीको एक करोड ११ लाख ८५ हजार सात सय १२ कित्ता शेयर ८५ हजार चार सय ३५ पटक खरिद-बिक्री हुँदा रू चार अर्ब चार करोड ४६ लाख ५९ हजार नौ सय २२ बराबरको कारोबार भएको छ । सबै समूहका उपसूचक रातो देखिएका छन् । सबैभन्दा धेरै होटल तथा पर्यटन समूह तीन दशमलव २१ र जीवन बीमा समूह दुई दशमलव ९९ प्रतिशतले घटेका छन् । चिर्खुवा हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ, भने हिमालयन हाइड्रोपावरको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा मंगलबार सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रू १६ करोड ११ लाख सात हजार नौ सय ५६ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको चार लाख १७ हजार ८८ कित्ता शेयर किनबेच भएको छ ।


मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई